

# महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नम्बर १३२५, १८२० र अन्य पूरक प्रस्तावहरूको कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व. २०७९/८०–०८१/८२)

Nagarik Aawaz FOR PEACE

ADVOCACY FORUM

CVWN



## पृष्ठभूमि

द्वन्द्वको समय र त्यसपश्चात्को संक्रमणकालीन अवस्थामा विशेष गरी महिला र बालबालिका विभिन्न प्रकारका हिंसा, विभेद र जोखिममा परेका हुन्छन् ।

द्वन्द्वको क्रममा महिला र बालिकाले शारीरिक तथा मानसिक हिंसा, यौनजन्य हिंसा जस्ता दुर्व्यवहार बेहोर्नुपरेको हुँदा र द्वन्द्वसँग जोडिएका उनीहरूका अनुभव एवं अनुभूति पनि फरक रहने हुँदा उनीहरूका फरक आवश्यकतालाई विशेष तरिकाबाट नै सम्बोधन गर्नुपर्ने हुन्छ ।

**प्रस्ताव नम्बर १३२५**

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्‌बाट सन् २००० को अक्टोबर ३१ मा पारित यस प्रस्तावले द्वन्द्वको रोकथाम तथा निवारण र शान्ति प्रक्रियामा महिलाको महत्वपूर्ण भूमिका हुने तथ्य दृष्टिगत गरी शान्ति प्रक्रियामा लैङ्गिक दृष्टिकोण मूलप्रवाहीकरण, समान तथा अर्थपूर्ण सहभागिता, निर्णय प्रक्रियामा भूमिका अभिवृद्धि र महिला तथा बालिकाको सुरक्षा एवं सहभागिता प्रत्याभूतिका लागि प्रभावकारी संयन्त्रको व्यवस्था लगायतका विषयलाई समेटेको छ ।

**प्रस्ताव नम्बर १८२०**

सन् २००८ को जुन १९ मा पारित यस प्रस्तावले द्वन्द्व र संक्रमणकालीन अवस्थामा महिला तथा बालिकामाथि हुने लैङ्गिक तथा अन्य यौनजन्य हिंसाका घटनाबाट प्रभावित बालिकाहरुको सुरक्षा, पीडितको आवश्यकताको सम्बोधन, यौनजन्य हिंसामा शून्य सहनशीलता र यौनजन्य हिंसाको रोकथाम जस्ता विषयमा जोड दिएको छ ।

महिला, शान्ति र सुरक्षाको आधारस्तम्भको रूपमा रहेका यी प्रस्तावका अतिरिक्त संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्‌ले १८८८ (२००९), १८८९ (२००९), १९६० (२०१०), २१०६ (२०१३), २१२२ (२०१३), २२४२ (२०१५), २४६७ (२०१९) र २४९३ (२०१९) गरी अन्य थप पूरक प्रस्ताव पारित गरेको छ ।


नेपाल सरकारले यी प्रस्तावको प्रभावकारी कार्यान्वयनको लागि पहिलो चरणको राष्ट्रिय कार्ययोजना (२०६७/०६८–०७१/०७२ निर्माण गरी त्यसको कार्यान्वयन पनि सम्पन्न गरिसकेको छ ।

## दोस्रो चरणको राष्ट्रिय कार्ययोजना निर्माणको आवश्यकता र महत्व


द्वन्द्व प्रभावित महिला र बालिकाहरूको समष्टिगत आवश्यकता पहिचान गरी दीर्घकालीन तथा अल्पकालीन राहत र पुनःस्थापनाका कार्यक्रमहरू तयार गर्न यो राष्ट्रिय कार्ययोजना निर्माण गरिएको हो ।

# नेपालमा महिला, शान्ति र सुरक्षासम्बन्धी संवैधानिक र कानूनी व्यवस्था

## संवैधानिक व्यवस्था




महिलाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ ।



समानता, सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने संवैधानिक हकको व्यवस्था गरिएको छ ।



पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरिएको छ ।



राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने जस्ता प्रावधान पनि रहेका छन् ।



सामाजिक न्याय र सामाजिक सुरक्षाको हक

## कानुनी व्यवस्था

- अपराध पीडित संरक्षण ऐन, २०७५
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६
- वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४
- कानूनी सहायतासम्बन्धी ऐन,२०५४
- सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१


## पहिलो कार्ययोजनाको उपलब्धि (२०६७/६८–०७१/०७२) को उपलब्धि

पहिलो राष्ट्रिय कार्ययोजनाका पाँचवटा स्तम्भमा प्राप्त उपलब्धि देहायअनुसार रहेका छन् ।

### सहभागिता


- निर्वाचनपश्चात् स्थानीय तहमा, प्रदेश सभामा, प्रतिनिधि सभामा र राष्ट्रियसभामा महिला सहभागिता
- निजामती सेवामा, स्वास्थ्य सेवामा र सहकारीको सञ्चालक समितिमा महिला सहभागिता
- घर जग्गामा स्वामित्व
- सुरक्षा निकायमा लैङ्गिक इकाइको स्थापना


### सुरक्षा र रोकथाम



- तत्काल उद्धार तथा राहत केन्द्रीय समितिको व्यवस्था
- नेपाल प्रहरीमा महिला हिंसा रोकथाम तथा नियन्त्रणका लागि अलग्गै निर्देशनालय र सेवा केन्द्र
- पीडित एवं प्रभावित व्यक्तिको उद्धार, राहत र क्षतिपूर्तिका लागि सम्पर्क "हेल्पलाइन" सञ्चालन





- राष्ट्रिय महिला आयोगले हिंसा पीडित महिला तथा बालिकालाई निःशुल्क कानूनी एवं मनोसामाजिक परामर्श सेवा

### प्रवर्द्धन

- सचेतना अभिवृद्धि पाठ्यक्रममा महिला, शान्ति र सुरक्षासम्बन्धी विषय समावेश

### राहत तथा परिपूरण

- एकमुष्ट राहत तथा क्षतिपूर्तिका कार्यक्रम
- तथ्याङ्क संकलन

### स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्यांकन

- नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय निकाय र अन्य दातृ निकाय समेतको सहभागितामा संयुक्त कोष स्थापना

## दोस्रो राष्ट्रिय कार्ययोजनाका प्राथमिकताका क्षेत्र

### सहभागिता



राज्यका सबै निकायमा महिलाको सहभागिता




राज्यका निकायमा महिलाको अर्थपूर्ण सहभागिता




सुरक्षा, सञ्चार, उद्योग, व्यापार, निजी क्षेत्र र अन्य विभिन्न पेशागत क्षेत्रमा समेत महिला सहभागिता वृद्धि

### सुरक्षा र रोकथाम

- यौनजन्य हिंसा तथा लैङ्गिक हिंसामा परेका महिला तथा बालिकामाथि हुने अपराधलाई निराकरण गर्न कानुनको सशक्त र प्रभावकारी कार्यान्वयन गर्ने ।
- सङ्क्रमणकालीन न्याय प्रणालीलाई प्रभावकारी बनाउने ।
- शासकीय तहमा संस्थागत गर्ने नीति अपनाउने ।

### राहत तथा परिपूरण

- जीविकोपार्जन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने ।
- रोजगारीको अवसर, आवश्यक सीपमूलक तालिम र उनीहरूका विशेष आवश्यकता एवं क्षमताअनुसारका कार्यक्रम बनाई द्वन्द्वको असर दीर्घकालीन रूपमा न्यूनीकरण गर्ने ।
- पीडितको रूचि, क्षमता, आवश्यकता र बजारको सम्भाव्यतालाई ध्यानमा राखी स्वरोजगारमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन एवं द्वन्द्वका कारण यौनजन्य हिंसामा परेका महिला र बालिकाका लागि अल्पकालीन र दीर्घकालीन स्वरूपका राहत तथा परिपूरण कार्यक्रम संचालन गर्ने ।

### क्षमता विकास, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्पन्न गरी सोको प्रतिवेदन नियमित रूपमा सार्वजनिक गर्ने ।
- जिम्मेवार निकायको क्षमता अभिवृद्धि तथा प्रभावकारी अनुगमन र संरचनागत व्यवस्था गर्ने ।



















## दोस्रो राष्ट्रिय कार्ययोजनाको लक्ष्य तथा उद्देश्य

### लक्ष्य

द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको विशेष तथा समष्टिगत आवश्यकता सम्बोधन गर्दै उनीहरूको सरोकारका विषयमा अर्थपूर्ण सहभागिता एवं आत्मसम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सुनिश्चित गर्ने ।



## उद्देश्य

नीति निर्माण, शान्ति स्थापना तथा विकास प्रक्रियामा महिलाको समतामूलक, समानुपातिक, समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।






महिला तथा बालिकामाथि हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसाबाट सुरक्षाको प्रत्याभूति गर्ने साथै त्यस्तो हिंसा हुन नदिन रोकथामका प्रभावकारी उपाय अवलम्बन गर्ने ।

द्वन्द्वकालमा हिंसाबाट पीडित महिला तथा बालिकाको राहत एवं परिपूरणको व्यवस्था गर्ने ।







राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने र आवश्यक स्रोत एवं साधन सुनिश्चित गरी अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी बनाउने ।


# कार्यनीति





लैङ्गिक समानता एवं
समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने ।

समष्टिगत आवश्यकता सम्बोधन गर्ने ।

सुरक्षाको प्रत्याभूति गर्ने ।




न्यायमा पहुँच सुनिश्चितताका
लागि संस्थागत सुधार गर्ने ।




अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।


सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।

परिपूरणका कार्यक्रम सञ्चालन गर्ने ।




उनीहरूको वास्तविक अवस्था पहिचान गरी आवश्यकता
अनुसार स्वास्थ्य, शिक्षा, जीविकोपार्जन तथा आर्थिक
सशक्तीकरणका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

# दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन क्रियाकलाप तथा संरचनागत व्यवस्था




- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- गृह मन्त्रालय
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
- नेपाल राष्ट्र बैंक
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
- शहरी विकास मन्त्रालय
- भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालय
- पीडित संरक्षण सुझाव समिति
- महान्यायाधिवक्ताको कार्यालय
- सर्वोच्च अदालत
- राष्ट्रिय योजना आयोग


## राष्ट्रिय निर्देशक समिति

गृह मन्त्रालय, सचिवालय

गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा गृह सचिवद्वारा तोकिएका पदाधिकारी रहने

## राष्ट्रिय निर्देशक समितिको काम, कर्तव्य र अधिकार

- महिला, शान्ति र सुरक्षाका विषय मूल प्रवाहीकरण, लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणसम्बन्धी नीतिगत व्यवस्था गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने ।
- आवश्यक स्रोत व्यवस्थापन गर्ने ।
- सम्बन्धित निकायसँग समन्वय एवं आवश्यकताअनुसार निर्देशन दिने ।
- कार्यान्वयनमा आइपरेका चुनौती समाधानका लागि आवश्यक सहजीकरण गर्ने ।




## प्रदेश निर्देशक समिति


प्रदेश सरकारको गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालयका मन्त्रीको संयोजकत्वमा गृह प्रशासन/शान्ति सुरक्षा) मन्त्रालयले प्रदेश निर्देशक समितिको सचिवालयको काम गर्ने

### प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकार

- अन्तर मन्त्रालय तथा अन्तर निकायगत समन्वय गर्ने ।
- आवश्यक स्रोत साधन व्यवस्थापन गर्ने ।
- कार्ययोजनालाई प्रदेश तहमा सञ्चालित क्षेत्रगत योजना तथा कार्यक्रममा समावेश गर्ने ।
- कार्ययोजना कार्यान्वयन सम्बन्धमा प्रदेश तहमा कार्यशाला तथा छलफल र अन्तर्क्रिया कार्यक्रम गर्ने ।
- राष्ट्रिय निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
- अनुगमन तथा मूल्यांकन गर्ने ।
- कार्ययोजना कार्यान्वयनको समीक्षा गरी वार्षिक प्रतिवेदन तयार गर्ने ।



# जिल्ला स्तर निकाय




## जिल्ला निर्देशक समिति

जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा

### कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

- स्थानीय तहबीच समन्वय, अनुगमन तथा मूल्यांकन गर्ने ।
- स्थानीय तहमा प्राप्त सुझाव प्रदेश तथा राष्ट्रिय निर्देशक समिति समक्ष पठाउने ।
- प्रगति विवरण प्रदेश र राष्ट्रिय निर्देशक समितिलाई उपलब्ध गराउने ।

# स्थानीय तह






## कार्ययोजना कार्यान्वयन स्थानीय समिति

नगरपालिका/ गाउँपालिकाका प्रमुख/अध्यक्षको संयोजकत्वमा

### कार्ययोजना कार्यान्वयन स्थानीय समितिको काम, कर्तव्य र अधिकार


- स्थानीय तहमा कार्ययोजना कार्यान्वयन गर्ने ।
- आवश्यक स्रोत व्यवस्थापन गर्ने ।
- विभिन्न निकायबीच आवश्यक समन्वय गर्ने ।
- नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।
- आवश्यकताअनुसार विभिन्न समिति, उपसमिति, समूह, टोली गठन गर्ने र जिम्मेवारी प्रदान गर्ने ।
- कार्यशाला तथा छलफल अन्तर्क्रिया आयोजना गर्ने ।
- राष्ट्रिय निर्देशक समिति, प्रदेश निर्देशक समिति र कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
- वार्षिक प्रतिवेदन तयार गरी कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिमा उपलब्ध गराउने ।





## चारै तहका निकायको मुख्य भूमिका

- विद्यमान नीति र कानूनहरूको समीक्षा तथा सुधार गर्ने ।
- सचेतना, अभिमुखीकरण कार्यक्रम, तालिम, कार्यशाला र नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने ।
- शैक्षिक संस्थाको पाठ्यक्रममा समसामयिक विषय समावेश गर्ने ।
- स्वास्थ्य सेवा, आश्रय गृह, घटना दर्ता, र सुनुवाइसम्बन्धी काम गर्ने ।
- एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्ने ।
- मनोसामाजिक परामर्शमा स्थानीय स्तरका स्वास्थ्यकर्मीलाई तालिम र परिचालन गर्ने ।
- विद्यमान आश्रय गृहलाई बलियो बनाउने ।
- सचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- सत्य, न्याय र क्षतिपूर्ति सम्बन्धी मुद्दामा विषयगत प्रशिक्षण र कार्यशाला गर्ने








- सेवा प्रदायकहरूको लागि क्षमता विकास कार्यक्रमहरू गर्ने ।
- नागरिकता र सामाजिक सुरक्षा कार्यक्रमसहित कानूनी अधिकारमा पहुँच बढाउने ।
- शैक्षिक र स्वास्थ्य सेवाका साथै आर्थिक सशक्तीकरणको खाका बनाउने र कार्यान्वयन गर्ने ।
- स्वास्थ्य सेवाका कार्यक्रमहरू लागू गर्ने ।
- दीर्घकालीन र अल्पकालीन जीविकोपार्जन कार्यक्रम गर्ने ।
- पुनःस्थापनाका कामहरू गर्ने ।
- स्मृति कार्यक्रम गर्ने ।
- क्षमता विकास गर्ने क्षेत्र पहिचान गर्ने ।
- चारै तहमा अनुगमन र मूल्याङ्कन गर्ने ।
- नेतृत्व विकास र सशक्तीकरण गर्ने ।
- "महिला शान्ति सहजकर्ता" को रूपमा क्षमता विकास गर्ने ।
- बालबालिका र महिलाको सुरक्षामा सुधार गर्ने ।
- आत्मरक्षा तालिम कार्यक्रम आयोजना गर्ने ।
- सचेतना र अन्तरक्रियात्मक कार्यक्रम संचालन गर्ने ।
- दोश्रो कार्ययोजना सम्बन्धि जानकारी फैलाउने ।
- कानूनी साक्षरता तथा जागरूकताका कार्यक्रम गर्ने ।
- निःशुल्क कानूनी सहायता सेवा प्रदान गर्ने ।
- मनोसामाजिक परामर्श कार्यक्रम लागू गर्ने ।
- जिल्ला अदालत र जिल्ला सरकारी वकिलको कार्यालयमा पीडित-मैत्री कोठा सुदृढीकरण गर्ने ।







## कार्ययोजना कार्यान्वयन उपसमिति (पाँच सदस्यीय)

- नगरपालिकामा उपप्रमुख, गाउँपालिकामा उपाध्यक्ष वा कार्यपालिकाका महिला सदस्यको संयोजकत्वमा
- तत्कालीन राज्य पक्ष र विद्रोही पक्षबाट पीडित एक-एक जना गरी बढीमा दुई जना महिला
- एक जना मनोसामाजिक परामर्शदाता
- महिला विकास हेर्ने शाखा प्रमुख

## उपसमितिको कार्य जिम्मेवारी

- नगरपालिका र गाउँपालिकामा रहेका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको पहिचान गर्ने ।
- पहिचान गरिएका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको संकेत वर्गीकरण (Coding) विधि प्रयोग गरी खण्डीकृत तथ्यांकसहितको लगत विवरण तयार गर्ने ।
- गोपनीयता र सुरक्षा लगायतको पक्ष सुनिश्चित हुने गरी लगत विवरण अनुसारको सूचनालाई हिंसाको प्रकृतिको आधारमा तथ्यांक तयार गर्ने ।
- प्राप्त तथ्यांक विवरणबाट द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको छुट्टै सूची तयार गर्ने ।
- द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको तत्कालीन र दीर्घकालीन आवश्यकता पहिचान गर्ने ।






## अन्य महत्वपूर्ण जानकारी


- कार्ययोजना कार्यान्वयन गर्दा द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय सञ्जालका साथै सम्बन्धित सामुदायिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ/संस्था, संयुक्त राष्ट्र सङ्घीय निकाय र विकासका साझेदार संस्थासँग आवश्यकताअनुसार समन्वय एवं सहकार्य गरिने ।
- "गोपनीयता तथा संवेदनशीलता सम्बन्धी आचारसंहिता" राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गरी कार्यान्वयन गरिने ।
- कार्ययोजना कार्यान्वयनका प्रत्येक चरणमा गोपनीयता तथा संवेदनशीलतासम्बन्धी आचारसंहितालाई अनुशरण गरी पीडित तथा प्रभावित महिलासँग सम्बन्धित सूचना संकलन गरिने । प्राप्त सूचना संघीय तहमा गृह मन्त्रालय र प्रदेश तहमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालयमा सुरक्षित रहने ।
- कार्ययोजना कार्यान्वयन गर्दा हरेक तहका निकाएले द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय सञ्जालका साथै सम्बन्धित सामुदायिक संस्था, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संघ/संस्था, संयुक्त राष्ट्र सङ्घीय निकाय र विकासका साझेदार संस्थासँग आवश्यकता अनुसार समन्वय एवं सहकार्य गरिने ।
- सम्बन्धित संवेदनशील विषयको गोपनीयतालाई सुनिश्चित गर्न "गोपनीयता तथा संवेदनशीलता सम्बन्धी आचारसंहिता" राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गरी कार्यान्वयन गरिने ।
- कार्ययोजना कार्यान्वयनका प्रत्येक चरणमा गोपनीयता तथा संवेदनशीलता सम्बन्धी आचारसंहितालाई अनुशरण गरी पीडित तथा प्रभावित महिलासँग सम्बन्धित सूचना संकलन गरिने । प्राप्त सूचना सङ्घीय तहमा गृह मन्त्रालय र प्रदेश तहमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालयमा सुरक्षित रहने ।
- कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय र निकायले सम्बद्ध निकाय एवं सरोकारवालासँगको समन्वयमा आ-आफ्नो तहका लागि तीन वर्षीय खर्च प्रक्षेपणसहित वार्षिक बजेट निर्माणसम्बन्धी प्रतिवेदन तयार गर्ने । तथा उल्लिखित क्रियाकलापलाई सम्बोधन गर्ने दातृ निकाय तथा निजी क्षेत्र समेतको स्रोत परिचालन गरिने ।
- प्रत्येक स्थानीय तहले चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिसमक्ष पेश गर्नेछ । सो प्रतिवेदनलाई जिल्ला कार्यान्वयन समितिमार्फत एकमुष्ट तयार गरी प्रदेश समन्वय सचिवालयमा पेश गर्नेछ । प्रदेश निर्देशक समितिमा छलफल तथा समीक्षा भई पारित प्रतिवेदनलाई प्रदेश समन्वय सचिवालयले राष्ट्रिय समन्वय सचिवालयमा पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदनलाई राष्ट्रिय समन्वय सचिवालयले राष्ट्रिय प्रतिवेदन तयार गरी राष्ट्रिय निर्देशक समितिमा पेश गर्नेछ । राष्ट्रिय निर्देशक समितिले सो प्रतिवेदनको समीक्षा गरी आवश्यक निर्णय गर्नेछ ।
- कार्ययोजना कार्यान्वयन प्रक्रिया सुरू हुनु अगावै प्रस्तावित क्रियाकलापको आधारभूत सर्वेक्षण गरिने ।
- स्थानीय तह, प्रदेश र राष्ट्रिय स्तरमा सम्पर्क व्यक्ति (Focal Person) को व्यवस्था गरिने ।
- कार्ययोजनाको समग्र समीक्षा गरी वार्षिक, मध्यावधि तथा अन्तिम अनुगमन तथा मूल्यांकन प्रतिवेदन तयार गरी सार्वजनिक गरिने ।

## कार्ययोजना कार्यान्वयनका चुनौती

- समन्वय ।
- स्रोतको सुनिश्चितता ।
- दक्ष जनशक्तिको अभाव ।
- लक्षित वर्गको पहुँच ।
- राहत र पुनःस्थापना कार्यक्रमको संचालन ।
- गोपनीयता तथा सुरक्षाको प्रत्याभूति ।

## जोखिम न्यूनीकरणका उपाय

- तीनै तहबीच निरन्तर समन्वय र सहकार्य ।
- स्रोत तथा साधन जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थासँग निरन्तर समन्वय र सहकार्य ।
- निर्देशक समितिको समयमै गठन ।
- निकायका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम ।
- वास्तविक द्वन्द्व प्रभावितको पहिचान ।
- सुरक्षा र गोपनीयतामा आवश्यक कार्यविधि निर्माण ।
- समयभित्र कार्यान्वयन ।



ADVOCACY FORUM

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT
प्रकाशन सहयोग

प्रकाशक
**एड्भोकेसी फोरम, नेपाल**
केन्द्रिय कार्यालय,लामिङ्टान मार्ग, बालुवाटार-४, काठमाडौं
घर नं.-८४३/२३
फोन नं.- ०१४४२५५६१/४४३२३०९
पोष्ट- २१७९८
Email: info@advocacyforum.org.np
Website: www.advocacyforum.org
प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम, नेपाल

इन्फोग्राफी/चित्र
**केशव राज खनाल**
(९८४१२९०१२२)
**artistkeshab@gmail.com**
लेआउट
**सुरेन्द्र चालिसे**
(९८५११२०८८०)